nmc for good culture & prosperity

NMC coop 1994

असल संस्कार र समृद्धिका लागि एनएमसी

# नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

# तालिमी सहायक अधिकृत र बरिष्ठ सहायक तेस्रो पदमा आवेदन दिन म्याद थप गरिएको सूचना

*दोस्रो पटक प्रकाशित मिति : २०८०।१२।०९*

एनएमसी सेवा आयोगद्वारा मिति २०८० फागुन १८ प्रथमपटक प्रकाशित बि.नं. ३५/२०८०-०८१ (तालिमी बरिष्ठ सहायक तेस्रो) र बि.नं. ३६/२०८०-८१ (तालिमी सहायक अधिकृत) पदको आवेदन दिने अन्तिम मिति २०८० चैत ५ गतेसम्म तोकिएकोमा एनएमसी सेवा आयोगको मिति २०८० चैत ७ गते सम्पन्न पाँचौं बैठकले मिति २०८० फागुन १८ प्रथमपटक प्रकाशित सूचनामा तोकिएका निम्न प्रावधानहरुलाई परिमार्जनसहित दोस्रोप्रटक प्रकाशित गरिएको मितिबाट लागु हुने दरखास्त पेसका लागि १५ दिनको म्याद थप गरिएको हुँदा इच्छुक नेपाली नागरिकले संस्थाको आधिकारिक वेबसाइट https://nmc.coop.np मा गई Career Section भित्र Apply Online मा Click गरी अनलाइन प्रणालीमार्फत दरखास्त दिनु पर्नेछ ।

(क) बचत तथा ऋण व्यवसायतर्फ (Saving & Credit) :

| क्र.स. | विज्ञापन नं. | पद/सेवाको किसिम | माग पद संख्या | | | | जम्मा | तालिमी अवधिको तलब स्केल | शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | झापा क्षेत्र | | मोरङ क्षेत्र | इलाम क्षेत्र | | | | |
| | | | कनकाई-रतुवा (क) | कनकाई-रतुवा (ख) | | | | | | |
| १ | ३५/२०८०-०८१ | तालिमी वरिष्ठ सहायक तेस्रो | - | - | १ | १ | २ | १८,४८० | स्नातक | २२-३५ वर्ष |
| २ | ३६/२०८०-०८१ | तालिमी सहायक अधिकृत | - | - | १ | १ | २ | २०,०२० | स्नात्तकोत्तर | २५-३५ वर्ष |

<u>निम्न :</u>

१. विज्ञापन नं.३५/२०८०-८१ को तालिमी वरिष्ठ सहायक तेस्रो र विज्ञापन नं. ३६/२०८०-८१ को तालिमी सहायक अधिकृत पदको तालिमी अवधि ६ महिनाको हुनेछ । उक्त अवधिपछि करार सेवामा सेवाको किसिम रुपान्तरण गरिने छ ।

२. बुँदा १ बमोजिम करार सेवामा रुपान्तरण भएपश्चात वरिष्ठ सहायक तेस्रो पदको तलबस्केल रु.२७,१७०।- र सहायक अधिकृत पदको तलबस्केल रु.३४,१००।- कायम हुनेछ ।

३. मासिक आधारभूत तलब स्केलका अतिरिक्त संस्थाको नियम अनुसार सञ्चयकोष, ग्रेड, उपदान, साधारण भत्ता, जिम्मेवारी भत्ता, अतिरिक्त समय भत्ता, बोनस र सञ्चिति बिदा लगायतका अतिरिक्त सुविधा प्रदान गरिने छ ।

४. संस्थामा नियुक्त हुने कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा (SSF) आवद्ध गराई कोषबाट प्राप्त हुने सम्पूर्ण सुविधा उपलब्ध गराइनेछ ।

५. कार्य समय र सिफ्ट : प्रत्येक दिन संस्थामा काम गर्ने समय अवधि न्यूततम ८ घण्टा हुनेछ भने कार्य सुरु हुने समय र अन्त्य हुने समय व्यवसायगत आधारमा फरक फरक हुनेछ । संस्थाको आवश्यकता अनुसार अतिरिक्त सयम पनि कार्य गर्नु पर्नेछ ।

६. विज्ञापन नं.३५/२०८०-८१ को तालिमी वरिष्ठ सहायक तेस्रो र विज्ञापन नं. ३६/२०८०-८१ को तालिमी सहायक अधिकृत पदको लागि दुईचक्के सवारीचालक अनुमति पत्र भएकोलाइ प्राथमिकता दिइनेछ ।

७. प्रथम पटक प्रकाशित विज्ञापन नं.३५/२०८०-८१ को तालिमी वरिष्ठ सहायक तेस्रो र विज्ञापन नं. ३६/२०८०-८१ को तालिमी सहायक अधिकृत पदको लागि दुईचक्के सवारीचालक अनुमति पत्र अनिवार्य गरेको कारण आवेदन सगै सवारीचालक अनुमति पत्र पेश नगरेको कारण आवेदन Reject भएका आवेदककोहकमा परीक्षा दस्तुर बुझाएको भएमा आवेदन सदर (Approved) गरि परीक्षामा सहभागि गराइनेछ ।

८. विज्ञापन नं. ३६/२०८०-८१ तालिमी सहायक अधिकृत पदका लागि बैंक तथा वित्तीय संस्थामा कार्य अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

९. प्रथमपटक प्रकाशित सूचनामा विज्ञापन नं. ३६/२०८०-८१ तालिमी सहायक अधिकृत पदका लागि बैंक तथा वित्तीय संस्थामा कार्य अनुभव भएको अनिवार्य गरेको कारण अनुभव प्रमाण पेश नगरेको कारण आवेदन Reject भएका आवेदकको हकमा परीक्षा दस्तुर बुझाएको भएमा आवेदन सदर (Approved) गरि परीक्षामा सहभागि गराइनेछ ।

१०. परीक्षाका लागि आवश्यक पाठ्यक्रम संस्थाको आधिकारिक वेबसाइट www.nmc.coop.np मा राखिएको छ ।

११. परीक्षाका लागि तोकिएको पाठ्यक्रमको सहकारी ज्ञानमाला-३ संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतका सेवाकेन्द्रहरुबाट सशुल्क वा संस्थाको आधिकारिक वेबसाइट www.nmc.coop.np बाट PDF File निःशुल्क प्राप्त गर्न सकिने छ ।

१२. परीक्षाका लागि तोकिएको पाठ्यक्रमको नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागबाट प्रकाशित 'नेपाल परिचय' अध्ययनका लागि संस्थाको वेबसाइट www.nmc.coop.np बाट PDF File प्राप्त गर्न सकिने छ।

१३. उम्मेद्वारले शैक्षिक योग्यताको प्रमाण पत्र (लब्धाङ्क पत्र, चारित्रिक प्रमाण पत्र), तालिम, सवारीचालक अनुमति पत्र, अनुभव, नागरिकता (तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा तोकिएको फर्म्याटमा अनिवार्य अपलोड गर्नु पर्नेछ ।

१४. दरखास्त दिने अन्तिम मिति मिति २०८० चैत २३ गते शुक्रबारसम्म थप गरिएको छ । साथै पूर्व सूचना अनुसार निवेदन दिई Approve भएका निवेदनहरुलाई सदर गरी यथावत कायम गरिने छ ।

१५. परीक्षाको किसिम लिखित, कम्प्युटर सीप परीक्षण र मौखिक अन्तर्वार्ता हुनेछ ।

१६. विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षताको प्रमाण अनिवार्य पेस गर्नु पर्नेछ ।

१७. लिखित परीक्षामा उत्तीर्ण उम्मेद्वारलाई मात्र कम्प्युटर सीप परीक्षण र मौखिक अन्तर्वार्तामा सहभागी गराइने छ ।

१८. आवेदकले अनलाइन फारम भर्नुअघि सोसम्बन्धी जानकारी https:\\vacancy.nmc.coop.np मा भएको Notice मार्फत प्राप्त गर्न सक्नेछन् ।

१९. एउटै व्यक्तिले एकभन्दा बढी पदका लागि आवेदन दिन पाइने छैन ।

२०. अनलाइन आवेदनका लागि आवेदकले सफ्टवेयरमा New Registration गर्दा Create your Account मा राखिने email Address र Mobile Number सम्बन्धित आवेदकको नाममा भएको हुनु पर्नेछ ।

२१. न्यूनतम योग्यता नपुगेका वा तोकिएको आवश्यक विवरण नखुलेका वा तोकिएको आवेदन दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

२२. आवेदन पेस गर्दा तोकिएको कोटा अन्तर्गत जिल्ला र क्षेत्र छनोट गरी Submit गरिसकेपछि पुनः संशोधन गर्न पाइने छैन ।

२३. संस्थाको इलाम र मोरङ क्षेत्रबाट आवेदन दिई उत्तीर्ण हुने कर्मचारीहरुलाई हाल संस्थाको सो क्षेत्रमा रहेका सेवाकेन्द्र वा भविष्यमा उक्त जिल्लामा सञ्चालनमा आउन सक्ने सेवाकेन्द्रहरुमा पदस्थापन गरिने छ ।

२४. लिखित परीक्षाका लागि परीक्षा मिति र परीक्षा केन्द्र सम्बन्धी सूचना संस्थाको वेबसाइट www.nmc.coop.np र फेसबुक पेज www.facebook.com/nmccoopjhapa मा मिति २०८० चैत २७ गते प्रकाशन गरिने छ ।

२५. अन्तिम छनोटमा परेका उम्मेद्वारहरूले संस्थाले तोकेअनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ ।

२६. उत्तीर्ण परीक्षार्थीले नियुक्ति लिनुपूर्व स्वास्थ्य परीक्षण तथा प्रहरी रिर्पोट, स्थायी लेखा नम्बर अनिवार्य पेस गर्नु पर्नेछ ।

२७. बचत तथा ऋण व्यवसायतर्फ उत्तीर्ण उम्मेद्वारहरूलाई संस्थाको आवश्यकताका आधारमा अन्तर जिल्ला र अन्तर सेवाकेन्द्रमा स्थानान्तरण गर्न सकिने छ ।

२८. विज्ञापनमा प्रकाशन गरिएका श्रेणीगत पदका लागि आवश्यक सङ्ख्याको २० गुणा वा १०० भन्दा बढी संख्यामा आवेदन पर्न आएमा सम्बन्धित पदका लागि प्रारम्भिक छनोट चरणको परीक्षा सञ्चालन गर्न सकिने छ ।

२९. परीक्षाको नतिजा प्रकाशन संस्थाको वेबसाइट www.nmc.coop.np र फेसबुक पेज www.facebook.com/nmccoopjhapa बाट सार्वजनिक गरिनेछ ।

३०. आवेदन दस्तुर तिर्न संस्थाको Online Application System मा उपलब्ध Online Payment Gateway हरू मध्ये कुनै एक प्रयोग गर्न सकिने छ ।

३१. दरखास्त दस्तुर तपसिल अनुसार तोकिएको छ ।

| क्र.स. | पद | दस्तुर शुल्क (रु.) |
|---|---|---|
| २ | तालिमी वरिष्ठ सहायक तेस्रो | रु. ४००।- |
| ३ | तालिमी सहायक अधिकृत | रु. ५००।- |

३२. उम्मेद्वारले तिरिसकेको आवेदन दस्तुर फिर्ता हुने छैन ।

३३. थप जानकारीका लागि इमेल ठेगाना hrdepartment@nmc.coop.np मा इमेल गर्न सकिनेछ ।

**- एनएमसी सेवा आयोग**